जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १४९ २०८२ साल पुस २८ गते सोमबार (12 Jan 2026 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : बुद्ध भगवानको जन्मबिन्दुको.. ३ पृष्ठमा : आन्दोलनका क्रममा क्षति ... ३ पृष्ठमा :ड्रोन आरोपमा सियोलसँग..

## सप्तरीमा चार हजार २ सय २२ निर्वाचन प्रहरी भर्ना गरिदै



**दैनिक समाचारदाता**
**राजविराज, २७ पुस ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्ला प्रहरी कार्यालय सप्तरीले चार हजार २ सय २२ जना निर्वाचन प्रहरी भर्ना गर्ने भएको छ ।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसँग समन्वय गर्दै निर्वाचन प्रहरीका लागि आवेदन प्रक्रिया सुरु गरेको हो ।

सूचना अनुसार निर्वाचन प्रहरी पदमा आवेदन दिन इच्छुक व्यक्ति १८ वर्ष पूरा भइसकेका र ५४ वर्ष ननाघेका नेपाली नागरिक हुनुपर्नेछ । आवेदन दिने अन्तिम मिति आगामी माघ १ गतेसम्म तोकिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं प्रहरी नायब उपरिक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

यता निर्वाचन प्रहरीका लागि सप्तरीमा विगत तीन दिन देखी भर्ना लिइदै छ । प्रहरी भर्नाका लागि युवाहरुको अग्रपंक्तिमा रहेका छन् । जिल्लामा दुई दिनको अवधीमा १ हजार ५ सय जनाको आवेदन परेको प्रहरीले जनाएको छ ।

निर्वाचन प्रहरीको कार्यअवधि नियुक्ति मितिदेखि ४० दिन रहनेछ वा नेपाल सरकारले

*बाँकी तीन पृष्ठमा*

## मुख्य र निर्वाचन अधिकृतका लागि प्रशिक्षण दिँदै आयोग

काठमाडौँ, २७ पुस (रासस) ।

निर्वाचन आयोगले आशन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लाग खटिएका मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतका लागि प्रशिक्षक प्रशिक्षणका लागि यही पुस २८ र २९ गते विभिन्न स्थानमा अभिमुखीकरण तालिम सञ्चालन गर्दैछ ।

प्रस् सात प्रदेशअन्तर्गतका निर्वाचन अधिकृत र निर्वाचन अधिकृतका लागि कूल चार स्थान काठमाडौँ, चितवन, विराटनगर र नेपालगञ्जमा अभिमुखीकरण तालिम दिन लागिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । तालिम सञ्चालन गर्न आयोगका पदाधिकारी र सम्बन्धित कर्मचारी कार्यविभाजन गरी खटिइसकेका छन् ।

तालिमले मुख्य प्रशिक्षक तयार गर्न प्रशिक्षक प्रशिक्षण सम्पन्न गरिएको र ती प्रशिक्षकले थप तालिम सञ्चालन गर्ने आयोगको योजना रहेको छ । प्रशिक्षण प्राप्त गरेपछि निर्वाचन अधिकृतले आगामी माघ २ गतेदेखि आ-आफ्नो निर्वाचन क्षेत्रमा कार्यालय स्थापना गरी काम सुरु गर्नेछन् ।

आयोगले न्यायपरिषद्को परामर्शमा ७७ जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत र ८८ न्यायसेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई निर्वाचन अधिकृत पदमा नियुक्ति दिइसकेको छ ।

## नेपाल हृदय रोग निवारण प्रतिष्ठान सप्तरीको अध्यक्षमा पुनः प्रधान

**दैनिक समाचारदाता**
**राजविराज, २७ पुस ।**

हृदयरोग विरुद्ध सर्वसाधारणलाई जागरुक बनाउने उद्देश्यले गठित नेपाल हृदय रोग निवारण प्रतिष्ठान सप्तरीको अध्यक्षमा पुनः अरुण प्रधान चुनिएका छन् ।

प्रतिष्ठानको आईतवार सम्पन्न तेश्रो जिल्ला सम्मेलन तथा १०औं वार्षिक साधारण सभाले प्रधानको नेतृत्वमा निर्विरोध नयाँ कार्य समिति चयन गरेको हो । प्रधान यसअघि पनि प्रतिष्ठानका अध्यक्ष थिए ।

प्रतिष्ठानको उपाध्यक्षमा अनिता देवकोटा, सचिव भोगेन्द्र मिश्र, सहसचिव अमृत संचेती, कोषाध्यक्षमा नानी मैया कटुवाल, सहकोषाध्यक्षमा निर्मल मुन्धडा चयन भएका छन् । यस्तै



सदस्यहरुमा मिलन सिंह, पंकज पोखरेल, सुरेश सिंह, परमानन्द राउत र शुशिल कावरा चयन भएका छन् ।

समितिको सल्लाहकारमा

*बाँकी तीन पृष्ठमा*

## श्रोत नखुलेको १० लाखभन्दा बढी रकमसहित एक पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, २७ पुस ।**

सिरहाको सीमा क्षेत्रमा सशस्त्र प्रहरीले स्रोत नखुलेको १० लाखभन्दा बढी नगद रकमसहित एक व्यक्तिलाई नियन्त्रणमा लिएको छ ।

सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म मुख्यालय ईनर्वा, सिरहाबाट खटिएको टोलीले आइतबार करिब १ बजेको समयमा भगवानपुर गाउँपालिका-४ ठाडीस्थित दशगजा इलाका नजिक मुख्य सीमा स्तम्भ नम्बर २४६ आसपास चेकजाँच गर्ने क्रममा भारतबाट नेपालतर्फ आउँदै गरेको अवस्थामा भगवानपुर गाउँपालिका-३ मरिकटोल बस्ने २४ वर्षीय देवनाथ यादव रहेको सशस्त्र प्रहरीले जनाएको छ ।

चेकजाँचका क्रममा यादवको साथबाट स्रोत नखुलेको नेपाली रूपैयाँ १० लाख तीन हजार नौ सय ९० रूपैयाँ नगद र साथमा उनले प्रयोग गरेको मोटरसाइकल र एक थान मोबाइल फोन बरामद गरिएको छ ।

नियन्त्रणमा लिइएका व्यक्ति तथा बरामद नगद र सामग्रीहरू आवश्यक कारबाहीका लागि सम्बन्धित भन्सार कार्यालय बुझाउने प्रक्रिया अगाडि बढाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

यस विषयमा सशस्त्र प्रहरी बल सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक नरेश भण्डारीले सीमा क्षेत्रमा अवैध रकम तथा ओसारपसार नियन्त्रणका लागि निगरानी र सुरक्षा जाँचलाई थप कडाइ गरिएको जानकारी दिए ।

## पार्टीको नाम नै फेर्ने प्रस्ताव आएपछि एकता भङ्ग भएको हो : रास्वपा

काठमाडौँ, २७ पुसेस् (रासस) ।

राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) ले पार्टीको नाम नै फेर्ने प्रस्ताव आएपछि उज्यालो नेपाल पार्टी (उनेपा) सँगको एकता भङ्ग भएको निष्कर्ष निकालेको छ । उनेपासँगको एकता भङ्ग भएपछि शनिबार बसेको रास्वपा सचिवालय बैठकले कुलमान घिसिङले एकपछि अर्को प्रस्ताव ल्याएका कारण एकताले पूर्णता पाउन नसकेको निष्कर्ष निकालेको नेता शिशिर खनालले बताउनुभयो ।

घिसिङले पार्टीको नयाँ नाम राख्नुपर्ने, आफूलाई वरिष्ठ उपसभापति बनाउनुपर्ने, निर्वाचन क्षेत्रको सिट बाँड्फाँड गर्नुपर्ने, पार्टीका अन्य पदाधिकारीमा पनि आफ्नो पार्टीका नेतालाई नियुक्त गर्नुपर्नेलगायत प्रस्ताव ल्याएपछि

*बाँकी तीन पृष्ठमा*

**आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।**

- आगो तथा हीटर नजिकबाट नतापौं।
- कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछोडौं।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### निर्वाचन प्रहरीमा भर्ना युवाको चाप बढ्दै

निर्वाचन नजिकिँदै जाँदा निर्वाचन सुरक्षाका लागि अस्थायी रूपमा खटाइने निर्वाचन प्रहरीमा भर्ना हुन युवाको चाप बढ्दो छ। बढ्दो बेरोजगारी, सीमित रोजगारीका अवसर र छोटो अवधिमै भए पनि निश्चित आम्दानीको सुनिश्चितताले युवाहरूलाई निर्वाचन प्रहरीतर्फ आकर्षित गरेको देखिन्छ। निर्वाचन प्रहरीमा भर्ना हुन योग्य र सक्षम युवाको आवश्यकता रहेको छ।

निर्वाचन प्रहरी निर्वाचनको संवेदनशील जिम्मेवारी बोकेको अस्थायी शक्ति हो। मतदान केन्द्रको सुरक्षा, मतपेटिका संरक्षण र शान्तिपूर्ण मतदान सुनिश्चित गर्ने मुख्य दायित्व उसैको काँधमा रहन्छ। त्यसैले भर्ना प्रक्रियामा कुनै पनि प्रकारको लापरवाही, दबाब वा चलखेल स्वीकार्य हुन सक्दैन। स्पष्ट मापदण्ड सार्वजनिक गर्ने, योग्यता र शारीरिक क्षमताका आधारमा छनोट गर्ने तथा प्रविधिको प्रयोग गरी पारदर्शिता कायम गर्न आवश्यक छ। साथै, राजनीतिक हस्तक्षेप र बिचौलियाको भूमिकालाई पूर्ण रूपमा नियन्त्रण गर्न सम्बन्धित निकायले कडाइ गर्नुपर्छ।

तसर्थ निर्वाचन स्वतन्त्र, निष्पक्ष र विश्वसनीय बनाउन निर्वाचन प्रहरीको भूमिका महत्वपूर्ण हुन्छ। त्यसैले निर्वाचन प्रहरीमा युवाको बढ्दो चापलाई व्यवस्थापन गर्दै योग्य र निष्पक्ष जनशक्ति छनोट गर्नु आजको आवश्यकता हो।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# बुद्ध भगवानको जन्मबिन्दुको मौन साक्षीः 'जन्मस्मारक शिला'

**राम विकास चौधरी**

लुम्बिनी, २७ पुस (रासस)।

मायादेवी मन्दिरको गर्भमा भेटिएको एक 'बलौटे ढुङ्गा'लाई केही वर्षअघि संसारसामु सार्वजनिक भएसँगै बुद्धको जन्मस्थलका बारेमा विश्वभर चलिरहेका सबै प्राज्ञिक बहसमा सदाका लागि 'पूर्णविराम' लाग्यो। आज त्यही ढुङ्गा शाक्यमुनि बुद्धको जन्मको निर्विवाद ऐतिहासिक साक्ष्यका रुपमा पुजित छ।

सन् १९९२ देखि १९९५ सम्म लुम्बिनी विकास कोष, नेपाल सरकार र जापान बुद्धिष्ट फेडरेसनले संयुक्त रूपमा मायादेवी मन्दिरको जगसम्म पुगेर उत्खनन गर्दा मन्दिरको भग्नावशेषभित्र, १५ तहका इँटाको सुरक्षात्मक घेरा (चेम्बर)भित्र त्यो प्राचीन ढुङ्गा विशेष रूपले सजाइएको अवस्थामा फेला परेको थियो। लुम्बिनी विकास कोष पुरातत्व महाशाखा प्रमुख हिमाल उप्रेतीले भन्नुभयो, "यो ढुङ्गा ठ्याक्कै त्यही स्थानमा भेटिएको थियो, जसको मुनि इसापूर्व छैठौँ शताब्दीको काठको प्राचीन मन्दिरको अवशेष भेटिएको थियो।" यसले बुद्धको समयदेखि नै यो स्थानलाई 'पवित्र' मानी पूजा गरिँदै आएको तथ्यलाई वैज्ञानिक रूपमै प्रमाणित गरिदिएको उहाँले बताउनुभयो।

उप्रेतीका अनुसार, "अशोक स्तम्भको शिलालेखमा उल्लेखित 'सिलाविगडाबीच' शब्दले पनि यसै 'जन्मस्मारक शिला' लाई सङ्केत गर्दछ।" सत्तरी सेन्टिमिटर लम्बाइ र ४० सेन्टिमिटर चौडाइ भएको 'जन्मस्मारक शिला' लुम्बिनीकै माटोमा पाइएको स्थानीयको दाबी छ। लुम्बिनी र बुद्ध धर्मका अध्येता भोला गुप्ताका अनुसार तत्कालीन लुम्बिनीका बासिन्दाले त्यो ढङ्गा नजिकैको तेलार नदीबाट ल्याएर बुद्ध जन्मेको ठ्याक्कै विन्दुमा चिनोस्वरुप राखेर पूजापाठ गर्दै आएको र ईसापूर्व २४९ मा सम्राट अशोकले लुम्बिनी भ्रमणका बेला देखेर त्यो ढुङ्गालाई सोही ठाउँमा विधिवत् स्थापना गरी पूजापाठ गर्नुभएको थियो।

"बुद्ध जन्मस्मारक शिला केबल एउटा ढुङ्गाको टुक्रा मात्र नभइ लुम्बिनीको अस्तित्वको आधार पनि हो" लुम्बिनी बचाउ महाअभियानका संयोजक अकरम खाँले भन्नुभयो,"इसापूर्ब छैठौं सताब्दीमा मायादेवी मन्दिरभित्र बुद्धको जन्मस्थानमा स्थापित यो ऐतिहासिक बुद्ध जन्मस्मारक शिला नभेटिएको भए विश्वले अझै पनि बुद्धको जन्मविन्दु खोजिरहनुपर्ने अवस्था हुन्थ्यो।" यो बुद्ध जन्मस्मारक शिलाको अध्ययन र उत्खननले प्राचीन ग्रन्थहरूको व्याख्यालाई बलियो आधार दिएको उहाँको भनाइ छ।

जन्मस्मारक शिलामुनिको माटो परीक्षण गर्दा त्यहाँ कुनै पनि मानवीय गतिविधिको अवशेष नभेटिएको हुँदा यसले प्राचीन ग्रन्थ 'ललितविस्तर' मा उल्लेख भए झैँ लुम्बिनी एक शान्त, स्वच्छ तथा रमणीय 'वाटिका' नै थियो भन्ने कुरालाई वैज्ञानिक रूपमा पुष्टि गरेको छ। लुम्बिनीको पुरातात्विक उत्खननमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका वरिष्ठ पुरातत्वविद् कोषप्रसाद आचार्यले आफ्नो लेख 'द मार्कर स्टोनः द एक्ज्याक्ट बर्थप्लेस अफ लार्ड बुद्ध' र 'सबैभन्दा पुरानो बौद्ध तीर्थस्थलः बुद्धको जन्मस्थल लुम्बिनीको उत्खनन (२०१३)' मा यो 'जन्मस्मारक शिला' सम्राट अशोक लुम्बिनीको तीर्थाटनमा हुनुभन्दा अघिदेखि नै सोही स्थानमा रहेको दाबी गर्नुभएको छ।

दुर्हम विश्वविद्यालयका प्रा राबिन कनिङघमले 'द आर्किओलोजी अफ साउथ एसियाः फ्राम द इन्डुस टु अशोका' लगायतका शोधपत्रमा मार्कर स्टोनमुनि भेटिएका काष्ठ संरचनाका अवशेषहरूको अध्ययनका आधारमा ईसापूर्व छैठौं शताब्दीभन्दा अघि नै त्यहाँ धार्मिक संरचना रहेको दाबी गर्दै यसलाई विश्वकै सबैभन्दा पुरानो बौद्ध स्मारकका रूपमा व्याख्या गर्नु भएको छ। उहाँका अनुसार, उत्खननका क्रममा भेटिएका लुम्बिनीका भग्नावशेषले सम्राट अशोक आउनुभन्दा धेरै पहिलेदेखि नै यो स्थान एउटा महत्वपूर्ण धार्मिक केन्द्र रहेको प्रमाणित गर्दछन्। चिनियाँ तीर्थयात्री फाहियान (सन् ४०३) र ह्वेन साङ (सन् ६३६) ले पनि आफ्नो यात्रा संस्मरणमा बुद्ध जन्मस्थलको विशेष चिह्न 'जन्म स्मारकशिला' बारे स्पष्ट उल्लेख गर्नुभएको छ।

स्थानीय बासिन्दाका लागि यो शिला उहाँहरूको पुर्ख्यौली विश्वासको एउटा जीवन्त दस्तावेज हो। मायादेवी मन्दिरका पुस्तैनी पुजारी स्व गङ्गाप्रसाद पाण्डेका छोरा एवं बौद्ध भिक्षु विवेकानन्दले भन्नुभयो, "हाम्रा पूर्खाले यहाँ केही पवित्र चिज छ भन्नुहुन्थ्यो, उत्खननका बेला जब त्यो शिला देखियो, तब हामीलाई कति पुण्य भूमिमा रहेका छौँ भन्ने महसुस भयो।" उहाँका अनुसार यो शिला केवल अनुसन्धानको विषय नभइ विश्वभरका बौद्धमार्गीको आस्थाको जीवन्त दस्तावेज हो।अहिले यो अमूल्य शिलालाई मायादेवी मन्दिरभित्र विशेष 'बुलेटप्रुफ' सिसाको बाकसमा सुरक्षित राखिएको छ। मन्दिरभित्रको आर्द्रता (ह्युमिडिटी) तथा हानिकारक ग्यासले शिलालाई क्षति नपुगोस् भनेर २४ सै घण्टा प्राविधिकहरुबाट निगरानी गरिन्छ। पुरातत्व विभागका अनुसार यसको सुरक्षा नेपालको मात्र नभइ सम्पूर्ण मानव सभ्यता र विश्व सम्पदाको संरक्षणका लागि एउटा ठूलो जिम्मेवारी हो।

लुम्बिनी सांस्कृतिक नगरपालिकाकी कार्यकारी प्रमुख कल्पना हरिजनका अनुसार यो स्थानीयका लागि गौरवको सम्पदा हो। नगर प्रमुख कल्पनाले भन्नुभयो, "ऐतिहासिक रूपमा, तत्कालीन लुम्बिनीवासीले बुद्धको जन्म विन्दुलाई सधैँका लागि पहिचानमा राख्न नजिकैको तेलार नदीबाट त्यो बलौटे ढुङ्गा ल्याएर चिनोका रूपमा राखेका थिए। जसलाई सम्राट अशोकले संरक्षण प्रदान गर्नुभयो।"

बुद्ध जन्मस्मारक शिला बौद्धमार्गीको ऐतिहासिक आस्थाको भौतिक प्रमाण भएको बताउँदै लुम्बिनी विकास कोषका उपाध्यक्ष एवं बौद्ध भिक्षु डा ल्हारक्याल लामाले भन्नुभयो, "यो मौन शिलाले विगत २६ सय वर्षको इतिहासलाई सुरक्षित राखेर विश्वलाई शान्ति, सत्य र अहिंसाको मार्ग देखाइरहेको छ।" उहाँका अनुसार प्राचीनकालमा हजारौँ तीर्थयात्रीले यस पवित्र शिलालाई स्पर्श गरेर आशीर्वाद लिने गर्दथे।

# जनकपुरधामका ८० प्रतिशत परिवार खानेपानी पहुँच बाहिर

जनकपुरधाम, २७ पुस (रासस)।

जनकपुरधाम नगरभित्र माग अनुसार खानेपानी वितरण तथा आपूर्ति नहुँदा यहाँका ८० प्रतिशत परिवार खानेपानीको पहुँच बाहिर छन्। दैनिक आवश्यकताभन्दा करिब ३५ लाख लिटर कम खानेपानी आपूर्ति गर्दै आएको खानेपानी संस्थान जनकपुरधाम उपभोक्ताको मागअनुसार वितरण गनृ सकिरहेको छैन।

जनकपुरधाम नगरक्षेत्रमा दैनिक दुई करोड ५० लाख लिटर पानीको माग रहे पनि संस्थानले २० प्रतिशत घरमा मात्र पाइपमार्फत खानेपानी आपूर्ति गर्दै आएको जनाएको छ।

कार्यालयका प्रमुख विष्णुदेव साहले राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार हाल जनकपुरधाममा ४० हजार ४०९ परिवारमध्ये पाँच हजारमामा खानेपानीको धारासहित मिटर जडान गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार तीमध्ये ४० प्रतिशत घरमा आशिंक रूपमा मात्र पानी आपूर्ति हुने गरेको छ। पछिल्लो समय यहाँ परिवारको सङ्ख्या पनि बढ्दै गएको उहाँको भनाइ छ।

वडा नं १० तथा रामानन्द चोकमा निर्मित चार लाख ५० हजार लिटर क्षमताको दुईवटा ओभरहेड ट्याङ्कीमा छवटा डिपबोरिङबाट सङ्कलित भूमिगत पानीलाई प्रशोधन गरी वितरण भइरहेको प्रमुख साहले जानकारी दिनुभयो। करिब ३४ वर्ष पुरानो वितरण प्रणालीका कारण विभिन्न स्थानमा पाइप फुट्ने, चर्कने, जीर्ण संरचनालगायत समस्याले नियमित पानी वितरणमा चुनौती थपिएको उहाँको भनाइ छ।

सीमित बजेटका कारण ३४ वर्ष पुरानो तथा जीर्ण पाइपबाट सबै वडामा खानेपानी आपूर्ति पुऱ्याउन समस्या भएको कार्यालयका प्रमुख साहले बताउनुभयो। उहाँका अनुसार जीर्ण पाइपका कारण नियमित रूपमा ५० प्रतिशत मात्र पानी आपूर्ति भइरहेको छ।

गत आर्थिक वर्षमा कार्यालय हाताभित्र रु एक करोड ३० लाख मूल्य बराबरको लागतमा थप पाँच लाख लिटर क्षमताको ट्याङ्की र रु चार करोडभन्दा बढीको लागतमा मुजेलिया प्रहरी चौकीबाट वडा नं ८ स्थित होटल सियाशरणसम्मको सडकको दायाँबायाँ आठ-आठ इन्चको पाइप बिछ्याएको थियो।

सीमित स्रोत र साधनका बाबजुद त्यहाँबाट पाँच लाख लिटर पानी भण्डारण तथा धारा जडानको काम भइरहेको कार्यालय प्रमुख साहले बताउनुभयो। यसैबीच, पटकपटक विद्युत् आपूर्ति बन्द हुँदा पानी वितरणमा समस्या हुने गरेको कार्यालयका कर्मचारीले गुनासो गरेका छन्। यहाँका अधिकांश परिवारले चापाकल तथा मोटर जडान गरेर खानेपानीसहित दैनिक प्रयोगका कार्य गरिरहेका छन्।

# सामाजिक सञ्जाल आचारसंहिताको दायरामा

काठमाडौँ, २७ पुस (रासस)।

निर्वाचन आयोगले प्रतिनिधिसभाको निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउने उद्देश्यका साथ सामाजिक सञ्जालमा हुने गतिविधिलाई पनि आचारसंहिताको दायरामा ल्याएको छ।

प्रतिनिधिसभाको निर्वाचन आगामी फागुन २१ गते हुँदैछ। आयोगका अनुसार आचारसंहितामा निर्वाचनाई प्रतिकूल प्रभाव पार्ने उद्देश्यका साथ कोही कसैले पनि सामाजिक सञ्जालमा एकाउन्ट सञ्चालन गर्न वा नक्कली साइट खोल्न नपाइने व्यवस्था गरिएको छ। आचारसंहिताले सामाजिक सञ्जालमा 'आर्टिफिसियल इन्टिलिजेन्स' (एआई) को प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यका साथ होच्याउने, दुष्प्रचार गर्ने काम गर्न नपाउने प्रबन्ध गरेको छ। त्यस्तै, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषणजस्ता भ्रामक टीकाटिप्पणी गर्न वा गराउन नपाइने व्यवस्था आचारसंहितामा समावेश गरिएको छ।

त्यसैगरी, कुनै प्रयोजनका लागि प्रकाशन वा प्रसारण भएको सूचना वा सामग्रीलाई आर्टिफिसियल इन्टिलिजेन्सको प्रयोग गरी वा नगरी निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले तोडमोड गरी सामाजिक सञ्जालमा पोष्ट, रिपोस्ट, कमेन्ट प्रतिकमेन्ट, लाइभ स्टिमिङ, ट्याग वा मेन्सनलगायतका कार्य गर्न वा गराउन पाइने छैन।

निर्वाचनको विश्वसनीयतामा वा आयोग, आयुक्त वा कर्मचारीको प्रतिष्ठामा प्रतिकूल असर पर्नेगरी अवाञ्छित लान्छना लगाउन नपाइने प्रबन्ध आचारसंहितामा गरिएको छ। कसैको चरित्र हत्या गर्न, व्यक्तिगत लाञ्छना लगाउन, मानहानी गर्न वा यस्तै प्रकृतिका सामग्री कुनै स्वरुपमा उत्पादन गर्न, त्यस्ता सामग्री कुनै पनि माध्यमबाट प्रकाशन वा प्रसारण गर्न वा गराउन नपाइने आयोगले तयार पारेको आचारसंहितामा समावेश छ।

मतदाता र मतदाताको गोप्यता भङ्ग गर्न, निर्वाचनको स्वच्छता वा निष्पक्षतालाई प्रभावित पार्ने कुनै पनि कार्य गर्नसमेत पाइने छैन। आयोगले आगामी माघ ३ गतेदेखि आचारसंहिता लागू गर्ने तयारी गरेको छ।

# आन्दोलनका क्रममा क्षति भएका सवारीसाधनको कर र नवीकरण दस्तुर छुट गरिने’

काठमाडौं, २७ पुस (रासस)।

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बानियाँले जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त सवारीसाधनको कर र नवीकरण दस्तुर मिनाहा गरिने बताउनुभएको छ।

नेपाल ट्रक यातायात व्यवसायी महासङ्घको १७औँ वार्षिक साधारणसभा तथा आठौं महाधिवेशनको उद्घाटन गर्दै उहाँले आफ्नो प्रदेशअन्तर्गत पूर्ण रूपमा नष्ट भएका सवारीको चालु आर्थिक वर्ष २०८२/८३ को कर तथा नवीकरण दस्तुर छुटसहित निःशुल्क दर्ता खारेजी गरिने जानकारी दिनुभयो। उहाँले आंशिक क्षति भएका सवारीसाधन प्रयोग नहुन्जेलसम्म कर छुट दिने प्रक्रिया अघि बढाइएको बताउनुभयो।

सेवा लिन नसकेर जरिवानामा परेका सेवाग्राहीका लागि जरिवाना मिनाहा गर्ने प्रक्रियासमेत सुरु गरिएको बताउँदै मुख्यमन्त्री बानियाँले बागमती प्रदेशका यातायात कार्यालयमा सेवा विस्तार र डिजिटलाइजेसनका केही काम भइरहेकाले आफ्ना सेवाप्रवाहलाई थप डिजिटल, पारदर्शी र सहज बनाइने उल्लेख गर्नुभयो। अनलाइन र डिजिटल प्रविधिमार्फत घरैबाट सेवा लिने वातावरण बनाइने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले नागरिकले सेवा लिनका लागि लाइन बस्नुपर्ने अवस्था अन्त्य गरिने बताउनुभयो। उहाँले यातायात व्यवसायीलाई थप व्यवस्थित बनाउन तथा सवारी दुर्घटनामा पीडित पक्षलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन सवारीसाधन नवीकरण गर्दा बिमाको प्रिमियमसमेत असुल गरिने व्यवस्था गर्न लागिएको जानकारी दिनुभयो।

यातायात कार्यालयमा बिचौलियालाई निषेध गरी सेवा पारदर्शी बनाउने अभियानस्वरूप ‘बिचौलिया निषेध क्षेत्र’ घोषणा गर्ने तयारी भइरहेको जनाउँदै मुख्यमन्त्री बानियाँले अनलाइन भुक्तानी प्रणालीमा सेवाग्राहीलाई जोडेर घरमै बसेर सेवा प्राप्त गर्न सकिने व्यवस्था मिलाइने बताउनुभयो।

मालसामान ढुवानी, ओसारपसारमा ट्रक व्यवसायीको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्दै उहाँले स्वदेशी व्यवसायीले भारतीय सवारीसाधनसँग प्रतिस्पर्धा गर्न कठिन रहेकाले संरक्षणका लागि तीन तहका सरकारसँग समन्वय गरी आवश्यक योजना निर्माण गरिने धारणा राख्नुभयो।

# इरानमा सरकारविरोधी आन्दोलन तीव्र

दुबई/पेरिस, २७ पुस (रासस/एपी/एएफपी)।

इरानको इस्लामिक गणतन्त्रलाई प्रत्यक्ष चुनौती दिने राष्ट्रव्यापी विरोध प्रदर्शन दोस्रो हप्ता प्रवेश गर्दा हिंसात्मक दमनका कारण मृतकको सङ्ख्या कम्तीमा ११६ पुगेको मानव अधिकार कार्यकर्ताहरूले जनाएका छन्। इन्टरनेट र फोन सेवा अवरुद्ध गरिएको अवस्थामा पनि आइतबारसम्म राजधानी तेहरानसहित देशका ठूला सहरका सडकहरू प्रदर्शनकारीले भरिएका छन्।

अमेरिकास्थित मानव अधिकार निगरानी संस्थाका अनुसार प्रदर्शनसँग सम्बन्धित हिंसामा एक सयभन्दा बढीको ज्यान गएको छ भने झन्डै दुई हजार ६०० जनालाई हिरासतमा लिइएको छ। इरानले इन्टरनेट पूर्ण रूपमा बन्द गरेपछि घटनाको वास्तविक विवरण सङ्कलन गर्न कठिन भएको छ। नेटब्लक्सजस्ता अनुगमन संस्थाहरूले बिहीबारदेखि देशमा झन्डै कुनै पनि इन्टरनेट कनेक्टिभिटी नदेखिएको बताएका छन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी अधिकारीहरूलाई चेतावनी दिँदै शान्तिपूर्ण प्रदर्शनकारीमाथि दमन भए ‘ठूलो समस्या’ हुने बताउनुभएको छ। सामाजिक सञ्जालमा उहाँले ‘इरानका जनता अहिले स्वतन्त्रता पाउने निकै नजिक पुगेका छन्, यस्तो अवस्था पहिले कहिल्यै आएको थिएन, यदि आवश्यक पर्‍यो भने अमेरिका उनीहरूलाई सहयोग गर्न तयार छ’ भन्दै अमेरिका सहयोग गर्न तयार रहेको उल्लेख गर्नुभयो। अमेरिकी सञ्चारमाध्यमहरूका अनुसार राष्ट्रपति ट्रम्पलाई इरानमाथि सम्भावित सैन्य कारबाहीका विकल्पबारे जानकारी दिइएको भए पनि अन्तिम निर्णय भएको छैन।

इन्टरनेट अवरोधका बीच पनि सामाजिक सञ्जाल र विदेशस्थित फारसी भाषी टेलिभिजनमार्फत बाहिरिएका भिडियोहरूमा उत्तरी तेहरानको पुनाक क्षेत्रमा प्रदर्शनकारीहरू भेला भएको देखिन्छ। उनीहरूले मोबाइल फोनको उज्यालो बाल्दै नारा लगाएका छन्, भाँडाकुँडा बजाएका छन् र कतिपय स्थानमा आतशबाजी गरिएको छ। अन्य दृश्यहरूमा मानिसहरू शान्तिपूर्ण रूपमा सडकमा मार्च गरिरहेका छन् भने कतै कारहरूले समर्थनमा हर्न बजाएका छन्।

इरानको दोस्रो ठूलो सहर मशहदमा सुरक्षा बल र प्रदर्शनकारीबीच आमनेसामने भएको दृश्यहरू देखिएका छन्। सडकमा जलिरहेको भग्नावशेष र डम्पस्टरले बाटो अवरुद्ध गरिएको छ। मशहद शिया इस्लामको पवित्र इमाम रेजा दरगाह रहेको सहर भएकाले त्यहाँको विरोध प्रदर्शनलाई इस्लामिक गणतन्त्रका लागि विशेष संवेदनशील मानिएको छ। दक्षिणपूर्वी सहर केरमान, उत्तरको तब्रिज, पवित्र सहर कोम र पश्चिमी हामेदानमा पनि ठूला प्रदर्शनहरू भएको रिपोर्ट आएका छन्।

इरानी राज्य टेलिभिजनले भने आइतबार धेरै सहरका शान्त क्षेत्र देखाउने प्रयास गरेको छ र सरकार समर्थक जुलुसहरू प्रसारण गरेको छ। तर तेहरान र मशहदका दृश्यहरू समेटिएका छैनन्। सर्वोच्च नेता आयातोल्लाह अली खामेनीले शुक्रबार एक कडा भाषणमा प्रदर्शनलाई बाह्य शक्तिद्वारा उक्साइएको भन्दै अमेरिकी चेतावनीको अवज्ञा गर्नुभएको छ। यसैबीच, इरानका महान्यायाधिवक्ता मोहम्मद मोभेदी आजादले विरोध प्रदर्शनमा सहभागीलाई ‘भगवानको शत्रु’ ठहरिने र मृत्युदण्डसम्मको अभियोग लाग्न सक्ने चेतावनी दिनुभएको छ।

एम्नेस्टी इन्टरनेसनल र अन्य अधिकार समूहहरूले सुरक्षा बलले प्रदर्शनकारीविरुद्ध अत्यधिक र घातक बल प्रयोग गरेको गम्भीर आरोप लगाएका छन्। नर्वेस्थित इरान मानव अधिकार समूहले मात्रै हालसम्म कम्तीमा ५१ जनाको मृत्यु पुष्टि भएको र वास्तविक सङ्ख्या अझ बढी हुनसक्ने जनाएको छ। उक्त समूहले पूर्वी तेहरानको एक अस्पतालमा गोली लागेर मारिएका व्यक्तिहरूको शव भएको तस्वीर सार्वजनिक गरेको छ।

शुक्रबार तेहरानका विभिन्न क्षेत्रमा ‘खामेनी मूर्दावाद’ जस्ता सरकारविरोधी नारा गुन्जिएका थिए। विदेशस्थित फारसी च्यानलहरूले राजधानीबाहेक मशहद, तब्रिज र कोमका ठूला विरोध प्रदर्शनका दृश्य प्रसारण गरेका छन्। पश्चिमी सहर हामेदानमा प्रदर्शनकारीले शाहकालीन सिंह र सूर्य अङ्कित झण्डा फहराएको देखिएको छ, जुन सन् १९७९ अघि शासन गरेको राजतन्त्रको प्रतीक हो। लन्डनस्थित इरानी दूतावासमाथि पनि केही समयका लागि यही झण्डा फहराइएको प्रत्यक्षदर्शीहरूले बताएका छन्।

इरानका निर्वासित युवराज रेजा पहलवीले प्रदर्शनकारीलाई सप्ताहन्तमा थप सशक्त रूपमा सडकमा उत्रिन आह्वान गर्नुभएको छ। उहाँले सहरका केन्द्रहरू कब्जा गर्ने तयारी गर्न र पुराना राष्ट्रिय प्रतीक प्रयोग गरेर सार्वजनिक स्थानमा दाबी जमाउन आग्रह गर्नुभयो। तर प्रदर्शनमा देखिएको राजतन्त्रसमर्थन पहलवीको नेतृत्व स्वीकार्ने सङ्केत हो वा केवल वर्तमान शासनविरुद्धको असन्तोष हो भन्ने स्पष्ट छैन।

अधिकारीहरूले भने सुरक्षा बलका धेरै सदस्य पनि मारिएको बताएका छन्। राज्य टेलिभिजनले दक्षिणी सहर शिराजमा मारिएका सुरक्षाकर्मीहरूको अन्त्येष्टि दृश्य प्रसारण गरेको छ र मस्जिद तथा अन्य भवनमा आगजनी गरिएको तस्विर देखाएको छ। इरानी सेनाले ‘व्यवस्था र शान्ति भङ्ग गर्न खोज्ने शत्रु’ विरुद्ध राष्ट्रिय हितको दृढतापूर्वक रक्षा गर्ने चेतावनी दिएको छ।

युरोपेली सङ्घ (इयु) की प्रमुख उर्सुला भोन डेर लेयनले इरानी जनताको आन्दोलनप्रति समर्थन जनाउँदै प्रदर्शनकारीमाथिको हिंसात्मक दमनको निन्दा गर्नुभएको छ। विश्वका अन्य नेताहरूले पनि इरानी अधिकारीहरूलाई संयम अपनाउन आग्रह गरेका छन्।

डिसेम्बर २८ मा इरानी रियालको तीव्र अवमूल्यनपछि सुरु भएको यो आन्दोलन अन्तर्राष्ट्रिय प्रतिबन्ध, आर्थिक सङ्कट र बेरोजगारीप्रतिको असन्तोषबाट जन्मिएको हो। अहिले यो आन्दोलनले प्रत्यक्ष रूपमा इरानको इस्लामिक शासनलाई चुनौती दिँदै ऐतिहासिक मोड लिएको विश्लेषकहरूको धारणा छ।

### *नेपाल...*

उद्योग वाणिज्य संघ सप्तरीका अध्यक्ष लालु प्रसाद अग्रवाल छानिएका छन्। रिक्त रहेको थप एक सल्लाहकार र २ जना सदस्यको आगामी माघ ४ गते बस्ने कार्य समिति बैठकले मनोनित गर्ने प्रतिष्ठानले जनाएको छ। नयाँ कार्य समितिको कार्यकाल ३ वर्षको हुनेछ।

### *पार्टीको...*

एकता भङ्ग भएकाबारे सभापति रवि लामिछानेले बैठकमा जानकारी गराउनुभएको उहाँले बताउनुभयो।

पार्टी एकताका क्रममा भएको सहमतिभन्दा फरक र छुट्टाछुट्टै पूरक प्रस्ताव आउन थालेपछि एकता अगाडि बढ्न नसकेको रास्वपाको दाबी छ। एकतासँगै वरिष्ठ उपसभापति, महामन्त्री, पदाधिकारी, थप सचिवालय सदस्य, केन्द्रीय सदस्य र निर्वाचन क्षेत्रसम्मको बाँडफाँडको प्रस्ताव आएपछि एकतालाई पूर्णता दिन समस्या भएको नेता खनालको भनाइ छ।

यसअघि दुई दलबीच भदौ २३ र २४ को जेनजी आन्दोलन, भ्रष्टाचारविरोधी चेतना, सुशासन र मेरिटोक्रेसीको नारालाई मूल आधार बनाउनेलगायत सातबुँदे सहमति भएको थियो।

### *सप्तरीमा...*

तोकेअनुसार हुनेछ। सेवा सुविधाअन्तर्गत प्रतिदिन ८ सय ६९ रुपैयाँ ४० पैसाका दरले ४० दिनको पारिश्रमिक रु ३४ हजार ७ सय ७६ प्रदान गरिने जनाइएको छ। यो सँगै सम्बन्धित जिल्लामा नेपाल प्रहरी र सशस्त्र प्रहरीले पाउने दररेट अनुसार खाद्यान्न खर्च पनि उपलब्ध गराइने छ।

## विश्व समाचार

### ड्रोन आरोपमा सियोलसँग उत्तर कोरियाको स्पष्टीकरण माग

सियोल, २७ पुस (रासस/एएफपी)।

उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ-उनकी प्रभावशाली बहिनी किम यो जोङले आफ्नो देशको हवाई क्षेत्र उल्लङ्घन भएको दाबी गर्दै दक्षिण कोरियासँग विस्तृत ‘स्पष्टीकरण’ माग गर्नुभएको छ। उहाँले दक्षिण कोरियाबाट उडेको भनिएको ड्रोन उत्तर कोरियाली भूभागमा प्रवेश गरेको आरोप लगाउनुभएको हो। उत्तर कोरियाले शनिबार जनवरीको सुरुमा दक्षिण कोरियाको सीमावर्ती काउन्टी गाङवाबाट उडेको एक मानव रहित हवाई यान उत्तर कोरियाली सहर केसोङमा प्रवेश गरेको र गोली हानेर खसालिएको दाबी गर्दै त्यसका भग्नावशेषका तस्वीर सार्वजनिक गरेको थियो। तर सियोलले यो आरोप अस्वीकार गर्दै आफ्नो रक्षा मन्त्रालयमार्फत उक्त ड्रोन दक्षिण कोरियाली सेनाले प्रयोग गर्ने मोडेल नभएको स्पष्ट पारेको छ। राज्यद्वारा सञ्चालित कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) का अनुसार किम यो जोङले दक्षिण कोरियाको आधिकारिक नाम प्रयोग गर्दै ‘सौभाग्यवश, दक्षिण कोरियाली सेनाले यो आफैँले गरेको होइन र हामीलाई भड्काउने वा रिसाउने कुनै उद्देश्य नभएको आधिकारिक धारणा सार्वजनिक गरेको छ’ भन्नुभयो। तर उहाँले ‘हाम्रो गणतन्त्रको दक्षिणी सीमा पार गरेको ड्रोनको वास्तविक घटनाबारे विस्तृत व्याख्या गरिनुपर्छ’ भन्ने माग गर्नुभयो। उत्तर कोरियाको आरोपको जवाफमा दक्षिण कोरियाली सेनाले आफ्नो प्रारम्भिक अनुसन्धानले उक्त समयमा कुनै पनि मानव रहित हवाई यान सञ्चालन नगरिएको र प्रश्नमा उठाइएको वस्तु ड्रोन नै नभएको निष्कर्ष निकालेको जनाएको छ। राष्ट्रपति ली जे म्युङले यस घटनाबारे संयुक्त सैन्य-प्रहरी अनुसन्धान टोलीमार्फत ‘छिटो र कडा अनुसन्धान’ गर्न निर्देशन दिनुभएको छ।

यदि कुनै सर्वसाधारणले ड्रोन सञ्चालन गरेको प्रमाण भेटिएमा त्यसलाई गम्भीर अपराध मानिने भन्दै राष्ट्रपति लीले यसले कोरियाली प्रायद्वीपको शान्ति र राष्ट्रिय सुरक्षामा खतरा पुर्‍याउने चेतावनी दिनुभएको छ। तर किम यो जोङले उक्त ड्रोन सैन्य हो वा नागरिक भन्ने कुरामा आफूलाई चासो नभएको भन्दै ‘त्यो हामी जान्न खोजेको मुख्य विषय होइन’ भन्नुभयो। उहाँले ‘स्पष्ट रूपमा आरओकेबाट आएको ड्रोनले हाम्रो देशको हवाई क्षेत्र उल्लङ्घन गरेको छ’ भन्दै दक्षिण कोरियाप्रति कडा शब्द प्रयोग गर्नुभयो। किम यो जोङको यस वक्तव्यलाई विश्लेषकहरूले प्योङयाङले यस घटनालाई सैन्यभन्दा बढी कूटनीतिक मुद्दाका रूपमा अगाडि बढाउन खोजेको सङ्केतका रूपमा हेरेका छन्। कोरिया इन्स्टिच्युट फर नेसनल युनिफिकेसनका विश्लेषक होङ मिनका अनुसार किम यो जोङको भनाइले तत्काल सैन्य तनाव बढाउने इरादा नरहेको देखाउँछ, तर स्पष्टीकरणको मागले कूटनीतिक दबाब बढाउने सम्भावना जनाउँछ। यो नयाँ ड्रोन विवाद दक्षिण कोरियाका पूर्वराष्ट्रपति युन सुक येओलविरुद्ध चलिरहेको मुद्दाको पृष्ठभूमिमा आएको हो। उहाँमाथि प्योङयाङको प्रतिक्रिया उक्साउने उद्देश्यले अवैध रूपमा ड्रोन सञ्चालनको आदेश दिएको आरोप लागेको छ। युनलाई गत वर्ष अप्रिलमा मार्सल ल लागू गर्ने प्रयासका कारण महाभियोग लगाई पदबाट हटाइएको थियो।

### अमेरिकी आक्रमण भए अमेरिका-इजरायल लक्ष्य हुने इरानको चेतावनी

दुबई, २७ पुस (रासस/एपी)।

इरानले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विरोध प्रदर्शनका नाममा सैन्य हस्तक्षेपको सङ्केत गरेपछि कडा चेतावनी दिएको छ। इरानी संसद्का सभामुख मोहम्मद बाघेर कालिबाफले आइतबार संसद्मा सम्बोधन गर्दै यदि अमेरिकाले इस्लामिक गणतन्त्रविरुद्ध आक्रमण गर्‍यो भने अमेरिकी सेना र इजरायल दुवै ‘वैध लक्ष्य’ बन्ने बताउनुभयो। यो टिप्पणीसँगै इरानले सम्भावित जवाफी कारबाहीको सूचीमा पहिलो पटक खुलेर इजरायललाई पनि समेटेको छ। संसद् बैठकका क्रममा केही सांसदहरू मञ्चतर्फ उक्लिँदै ‘अमेरिका मूर्दावाद!’ भन्ने नारा लगाएका थिए, जसलाई कालिबाफले समर्थनपूर्ण चेतावनीका रूपमा प्रस्तुत गर्नुभयो। उहाँको भनाइ अमेरिकी राष्ट्रपति ट्रम्पले शान्तिपूर्ण प्रदर्शनकारीमाथि दमन भए हस्तक्षेप गर्न सक्ने चेतावनी दिएलगत्तै आएको हो। अमेरिकी सञ्चारमाध्यमका अनुसार ट्रम्पलाई इरानमाथि सम्भावित सैन्य विकल्पहरूबारे जानकारी गराइए पनि अन्तिम निर्णय भइसकेको छैन। यसैबीच, इरानको नेतृत्वले देशभित्रको अशान्तिलाई बाह्य शक्तिद्वारा उक्साइएको दाबी गर्दै सुरक्षा निकायलाई कडा कदम चाल्न तयार रहन निर्देशन दिएको छ। इरान र अमेरिकाबीच बढ्दो तनावले मध्यपूर्व क्षेत्रमा थप अस्थिरता निम्त्याउने चिन्ता अन्तर्राष्ट्रियस्तरमा व्यक्त हुन थालेको छ।

### आइएसविरुद्ध अमेरिकाको नयाँ जवाफी हमला

वासिङ्टन, २७ पुस (रासस/एपी)।

सिरियामा गत महिना भएको घातक आक्रमणमा दुई अमेरिकी सैनिक र एक अमेरिकी नागरिक दोभाषेको ज्यान गएपछि संयुक्त राज्य अमेरिकाले इस्लामिक स्टेट (आइएस) विरुद्ध सिरियामा नयाँ चरणको जवाफी सैन्य हमला सुरु गरेको छ। अमेरिकी सेन्ट्रल कमान्डका अनुसार शनिबार दिउँसो करिब १२:३० बजे (पूर्वी समय) अमेरिकाको नेतृत्वमा साझेदार सेनासहित ठूलो स्तरका हवाई आक्रमणहरू गरिएका हुन्। ती आक्रमणहरू सिरियाका विभिन्न स्थानमा रहेका आइएसका बहुविध लक्ष्यहरूमा केन्द्रित थिए। जोर्डानको सेनाले पनि यस अपरेसनमा सहभागी भएको पुष्टि गरेको छ। यी कारबाहीहरू राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्देशनअनुसार गत महिना पाल्मिरा क्षेत्रमा भएको आइएस आक्रमणको प्रत्यक्ष जवाफका रूपमा गरिएका हुन्। उक्त आक्रमणमा आयोवा नेसनल गार्डका सार्जन्ट एडगर ब्रायन टोरेस-टोभर, सार्जन्ट विलियम नाथानियल हावर्ड र अमेरिकी नागरिक दोभाषे अयाद मन्सुर सकातको ज्यान गएको थियो। अमेरिकी सेन्ट्रल कमान्डले विज्ञप्तिमार्फत चेतावनी दिँदै भनेको छ, “यदि कसैले हाम्रा सैनिकहरूलाई क्षति पुर्‍याउँछ भने, हामी उसलाई संसारको जुनसुकै कुनामा भए पनि खोजेर कारबाही गर्नेछौं।” यस आक्रमणअघि सिरियाली अधिकारीहरूले लेभान्ट क्षेत्रमा आइएसका सैन्य अपरेसन हेर्ने एक उच्च नेताको पक्राउ गरिएको जानकारी दिएका थिए। शनिबारको कारबाही कुन-कुन साझेदार सेनाको सहभागितामा भएको हो भन्ने विवरण भने सार्वजनिक गरिएको छैन।

# महिला क्रिकेटमा काठमाडौं ११ बिजयी



**दैनिक समाचारदाता**
**राजविराज, २७ पुस ।**

सप्तरी क्रिकेट संघको आयोजनामा काठमाडौं ११ र सप्तरी ११ बिच भएको मैत्रीपूर्ण तिन दिवसिय महिला क्रिकेट प्रतियोगितामा पहिलो दिनको खेलमा काठमाडौं ११ बिजयी भएको छ ।

राजबिराजस्थित पविमाबि खेलमैदानमा आइतबार सम्पन्न पहिलो खेलमा सप्तरी ११ लाई १ सय ६३ रनले पराजित गर्दै काठमाडौं ११ बिजयी भएको हो ।

टस जितेर सप्तरी ११ ले काठमाडौं ११ लाई ब्याटिङ गर्न निम्तो दिएपछि काठमाडौंले निर्धारित ३० ओभरको खेलमा २८ ओभर २ बलमा सबै बिकेट गुमाई २ सय ५ रनको योगफल खडा गरेको थियो । जसमा साबिका यादबले उत्कृष्ट अर्थशतकिय पारी खेल्दै ५६ रन बनाएका थिईन भने यषु पाण्डेले ४७ रन तथा अलिसा खडका २२ रन, अनुषा रोका १३ र अंशु मण्डलले ११ रन बनाएकी थिइन । बलिङतर्फ सप्तरीकी सुस्मिता यादबले ६ ओभरमा २९ रन खर्चेर ५ बिकेट हात पारिन् ।

प्रतिउत्तरमा २ सय ६ रनको लक्ष्य पछयाउने क्रममा सप्तरीले १२ ओभर ५ बलमा सबै बिकेट गुमाई ४२ रन मात्र बनाउन सकेका थिए । जसमा टिमका लागि बन्दना रजकले ११ रन बनाउनु बाहेक अन्य कुनै पनि खेलाडीहरूले दोहोरो अंक पार गर्न सकिनन् ।

यता बलिङतर्फ काठमाडौंकी अनुषा रोक्काले ४ बिकेट तथा पुजा साउद २ बिकेट र यसु पाण्डे, अन्सु मण्डल, आयुषमा रावलले समान्य १/१ बिकेट लिएकी थिइन् । उक्त खेलको प्लेयर अफ दि म्याच काठमाडौं ११ की साबिका यादब घोषित भइन् ।

# सुधारिएको चुलो उत्पादन गर्ने उद्योगलाई सहुलियत कर्जाको माग

पर्सा, २७ पुस (रासस) ।

सरकारले वातावरणमैत्री सुधारिएको चुलो प्रवर्द्धन कार्यक्रमअन्तर्गत चुलो उत्पादन गर्ने उद्योगलाई सहुलियत बैंक कर्जाको प्रबन्ध गर्नुपर्ने उद्योगीले माग गरेका छन् ।

वीरगञ्जमा एक दशकदेखि सुधारिएको चुलो उद्योग सञ्चालनमा हुँदै आइरहेका छन् । त्रिभुवन विश्वविद्यालय, वन विज्ञान अध्ययन संस्थाका प्राडा राजेश राईले पनि सरकारले सुधारिएको चुलो प्रवर्द्धनात्मक कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढ्नुपर्ने बताउनुभयो ।

"सुधारिएको चुलोको प्रयोगले एकातर्फ मानव स्वास्थ्यमा नकारात्मक असर गर्दैन", उहाँले भन्नुभयो, "दाउराको खपत घटाउनुको साथै वनजङ्गल फँडानी घटाएर कार्बन उत्सर्जनमा पनि टेवा दिँदै आइरहेको छ । त्यसैले सुधारिएको चुलो प्रवर्द्धन गरेको खण्डमा थप उपलब्धिमूलक हुने देखिन्छ ।" प्राडा राईले सुधारिएको चुलोको प्रयोगले घरभित्र हुने प्रदूषणमा पनि धेरै हदसम्म न्यूनीकरण गर्न सकिने बताउनुभयो ।

सुधारिएको चुलो व्यावसायिक रूपमा उत्पादन गर्दै आएको उद्योग हस्क पावर नेपाल कम्पनी लिमिटेडका प्रबन्ध निर्देशक मनोजकुमार गुप्ताले वातावरणमैत्री चुलो उत्पादन गर्ने उद्योगलाई बैंकको कर्जामा विशेष छुटको व्यवस्था भएको खण्डमा काम गर्न सहज हुने बताउनुभयो ।

"सरकारले सबै खालको उद्योगलाई एउटै नजरले हेर्नुहुँदैन । हामीले वातावरणमैत्री चुलो उत्पादन गर्दै आइरहे पनि राज्यले अन्य उद्योग सरह व्यवहार नगर्दा प्रोत्साहन हुन सकिरहेको छैन । सोतर्फ वर्तमान सरकारको ध्यान जान जरुरी भइसकेको छ", उहाँले भन्नुभयो ।

वीरगञ्ज महानगरपालिका-२१ स्थित पटेलनगरमा अवस्थित उद्योगले सात वर्षदेखि सुधारिएको चुलो उत्पादन गर्दै आइरहेको छ । कम्पनीले सुरुवाती चरणदेखि हालसम्म करिब तीन लाखभन्दा बढी सुधारिएको चुलो उत्पादन गरिसकेको कम्पनीका प्रबन्ध निर्देशक गुप्ताले बताउनुभयो । "सात वर्षअघि हामीले छ सय सुधारिएको चुलो उत्पादन गरेर थालनी गरेका थियौँ", उहाँले भन्नुभयो, "अहिले उद्योगबाट वार्षिक ३२ हजारभन्दा बढी उत्पादन गर्न सक्षम भएका हौँ ।"

कम्पनीले अहिले पङ्खा भएको र पङ्खा नभएको सुधारिएको चुलो उत्पादन गर्दै आइरहेको छ । अहिले पङ्खा भएको चुलोको मूल्य रू पाँच हजार ५०० मूल्य तोकिएको छ भने पङ्खा नभएको चुलोको मूल्य रू दुई हजार ५०० रहेको छ ।

प्रबन्ध निर्देशक गुप्ताले सुधारिएको चुलोको माग अहिले विशेष गरेर मधेस, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा उच्च रहेको जानकारी दिनुभयो । "यो चुलो प्रयोग गर्दा दाउराको खपत ७० प्रतिशतभन्दा कम हुने गर्छ", उहाँले भन्नुभयो, "खाना पकाउँदा निस्कने धुँवा ६० देखि ८० प्रतिशतसम्म घटाउन सकिन्छ । स्वास्थ्यका दृष्टिले पनि यो प्रभावकारी हुने भएकाले प्रयोग बढिरहेको छ ।"

उक्त कम्पनी अहिले एक बिघा क्षेत्रफलमा फैलिएको छ । यहाँ २८ जनाभन्दा बढीले रोजगारी पाएका छन् भने सात जना सुस्तश्रवण भएका व्यक्ति कार्यरत रहेका गुप्ताले जानकारी दिनुभयो । उद्योगको अहिले रू १५ करोडभन्दा बढी लगानी गरिएको छ । यहाँबाट सुधारिएको चुलोका साथै बायो पेलेट, बायोपेन्ट, मेटल फ्रेबिक्रेसन, झ्याल, ढोकालगायत सामग्री उत्पादन गर्दै आइरहेको छ ।

# धनुषामा झडप हुँदा १२ जना घाइते

धनुषा, २७ पुस (रासस) ।

धनुषामा ऐलानी जग्गाको विषयमा भएको झडपमा १२ जना घाइते भएका छन् । जिल्लाको मिथिला नगरपालिका-२ नक्टाझिज सुखजोरमा रहेको सतलोक आश्रमले ऐलानी जग्गा हड्पेको भन्दै जग्गा खाली गराउन गएका स्थानीय र आश्रमका प्रतिनिधिबीच झडप हुँदा १२ जना घाइते भएका हुन् ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख रुगमबहादुर कुँवरका अनुसार झडपमा घाइते भएका सबैलाई प्रादेशिक अस्पताल जनकपुरधाममा उपचारका लागि लगिएको छ । स्थानीय सुनिल परियार, विक्रम परियारसहित अधिकांशको टाउकोमा चोट लागेको उहाँले बताउनुभयो ।

स्थानीय प्रदर्शनकारीले आश्रमबाट निस्केको एम्बुलेन्समाथि तोडफोड गरेपछि सम्भावित दुर्घटना हुन नदिन र अवस्था नियन्त्रणमा लिन प्रहरीले छ सेल अश्रुग्याससमेत प्रहार गरेको प्रहरी प्रमुख कुँवरले बताउनुभयो । यसैबीच, दुई पक्षबीच भएको झडपका कारण अवरुद्ध बनेको ढल्केवर-जनकपुर सडकखण्डलाई प्रहरीको सक्रियतामा सञ्चालनमा ल्याइएको उहाँले जानकारी दिनुभयो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक गणेशबहादुर बमको नेतृत्वमा खटिएको टोलीले जग्गा तथा आश्रमको वास्तविकताबारे अध्ययन गरिरहेको छ । उहाँका अनुसार विवाद उग्र बन्दा दुवै पक्षबीच ढुङ्गा हानाहानको स्थिति पैदा भएको थियो ।


# राजनीतिक दल, उम्मेदवार र मतदाताका लागि सुरक्षाको भरपर्दो वातावरण छ : आयोग

काठमाडौँ, २७ पुस (रासस) ।

निर्वाचन आयोगले आशन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दल, उम्मेदवार र मतदताका लागि सुरक्षाको भरपर्दो वातावरण हुने बताउनुभएको छ ।

निर्वाचनमा सुरक्षाकै कारण राजनीतिक दल र उम्मेदवारले जनतासँग मात माग्न र मतदताले मतदान गर्न असुविधा हुने स्थिति नआउने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताउनुभएको हो । उहाँले एकीकृत सुरक्षा योजनाअनुसारका चारैसुरक्षा निकायले समन्वयात्मक काम गरिरहेको र नेपाल सरकारले पनि आवश्यक स्रोत साधन उपलब्ध गराइरहेको स्पष्ट गर्नुभयो ।

"राजनीतिक दल, उम्मेदवार वा पक्षधरहरुले जनता र मतदातासमम्म आफ्ना विचार वा प्रचार लैजान निर्भयतापूर्वक विश्वस्त भएर लाग्नसक्ने स्थिति छ । सुरक्षाकै कारण मतदातासमक्ष उहाँहरु जान नसक्ने अवस्था छैन", उहाँले भन्नुभयो, "यसका लागि सुरक्षा निकायले चनाखो भएर काम गरिरहेका छन् । सरकारले स्रोत, साधन उपलब्ध गराएकै छ ।"



नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा ... मन्त्रालय
भूमि व्यवस्थापन तथा ... विभाग
भूमि सुधार तथा मालपोत कार्यालय, सप्तरी, राजविराज

मिति :-२०८२/०९/२४

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. ४७ भागु गोपको नाममा कायम रहेका साबिक प्रगन्ना पकरी मौजे सकरपुराको सा.कि.नं. १२५१ को ज.बि. ०-२-१५, ऐ.ऐ. सा.कि.नं. १२५२ को ज.बि. ०-१-५ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.बि.स सकरपुरा वडा नं. ८ हाल तिलाठी कोइलाडी गा.पा. वडा नं. ३ बस्ने मुगालाल यादबको नाति राम प्रसाद यादबको छोरा ठकन यादबको यस कार्यालयमा द.नं. ११३७५ मिति २०८१/१०/३० गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०९/२४ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.बि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १२५१ १२५२ | भागु गोप | सकरपुरा | ८ख | ३६ पोखरीको डिल | ०-१२-१६ | ठकन यादव | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महलमा डिल जनिएको, किसानको व्यहोरा महल खाली, कैफियत महल खाली रहेको। |


**हरहर महादेव जय श्रीराम ॐ नमः शिवाय**



ॐ



**यही मिति २०८२ माघ १ गते माघे मकर संक्रान्तिको पावन अवसरमा राजविराज नगरपालिका वडा नं.-७ स्थित प्राचिन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिर प्राङ्गणमा भण्डारा''को आयोजना गरिने भएकोले सम्पूर्ण जिल्लाबासी, साधुसन्त महन्थ एवं भक्तजनहरु लाई यस सुखद घडीमा भण्डारामा सहभागी भई प्रसाद ग्रहण गरि गराई दिनु हुन सादर आमन्त्रण गरिन्छ ।**

**स्थान:**
**प्राचिन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिर प्राङ्गण**
**राजविराज नगरपालिका -७**

**समय : २०८२/१०/०१ गते बिहीबार ११ बजे देखि ७:०० बजे सम्म**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*